जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक २८६ २०८२ साल असार ६ गते शुक्रबार (20 June 2025 Friday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : फास्ट ट्र्याकबाट कमला नदीमा... ३ पृष्ठमा : सरकारले विश्व बैंकबाट ... ३ पृष्ठमा :म्यान्माकी आङ सान ...

## कावा नगरप्रमुखले आर्थिक अनियमितता गरेको भन्दै राजनीतिक दलद्वारा छानबिनको माग



**दैनिक समाचारदाता**
**राजविराज, ५ असार ।**
सप्तरीको शम्भुनाथ नगरपालिकाका कार्यबाहक नगरप्रमुखले विभिन्न योजना र विकास निर्माण कार्यमा आर्थिक अनियमितता गरेको भन्दै त्यहाका ६ वटा राजनीतिक दलले छानबिनको माग गरेको छ ।

बिहीबार ६ वटा राजनीतिक दलका प्रतिनिधि सम्मिलित टोलीले प्रमुख जिल्ला अधिकारीलाई एक ज्ञापनपत्र बुझाउँदै यस्तो माग गरेका हुन् ।

नेपाली काँग्रेस नगर अध्यक्ष सुरेन्द्र प्रसाद गुप्ता, एमालेका नगर अध्यक्ष श्रीनारायण चौधरी, राष्ट्रिय प्रजातन्त्र पार्टीका नगर अध्यक्ष श्रीकृष्ण राउत, जसपा नेपालका नगर अध्यक्ष मेघानन्द यादव, जनमत पार्टीका नगर अध्यक्ष संजिव साह र लोसपाका नगर अध्यक्ष गौरीकुमारी चौधरीद्वारा हस्ताक्षरित ज्ञापनपत्र प्रमुख जिल्ला अधिकारी भोला दाहाललाई बुझाइएको छ ।

ज्ञापनपत्रमा कार्यवाहक नगरप्रमुख अनिता चौधरीले केही कर्मचारी तथा सल्लाहकार अनिलकुमार भगतको मिलिभगतमा विभिन्न विकासीय कार्य तथा योजना बाँडफाँडमा आर्थिक अनियमितता भएको दाबी गरिएको छ ।

आर्थिक अनियमितता र भ्रष्टाचारको ९ बुँदे मागसहित सोको सत्यतथ्य छानबिन हुनुपर्ने माग गरिएको छ । पालिकामा निर्माण भइरहेको १५ शैयाको अस्पताल भवनमा

*बाँकी दुई पृष्ठमा*

## अदालतबाट कैद सजाय तोकिएर फरार एक पक्राउ



**दैनिक समाचारदाता**
**राजविराज, ५ असार ।**
अदालतबाट कैद सजाय तोकी फरार रहेका एक जना अभियुक्तलाई प्रहरीले बिहीबार पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय मातहतका इलाका प्रहरी कार्यालय हनुमाननगरबाट खटेको प्रहरी टोलीले सप्तरी जिल्ला अदालतबाट प्रतिबन्धित लागुऔषध गाजा मुद्दा फैसला भई कैद सजाय तोकिएका एक जनालाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा लागुऔषध गाजा मुद्दाका सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १३ का ५५ बर्षिय जयनारायण भन्ने भोला यादब छन् । उनलाई सो मुद्दामा सप्तरी जिल्ला अदालतले १० महिना चार दिन कैद सजाय हुने ठहर गरेको थियो ।

गाउँघरमा लुकिछिपी बसेको अवस्थामा पक्राउ परेका उनलाई बिहीबार नै सप्तरी जिल्ला अदालतमा उपस्थित गराउँदा आदेशानुसार कैद सजाय भुक्तानका लागि राजबिराज कारागार चलान गरिएको प्रहरीले जनाएको छ ।

## विधि प्रक्रिया तथा प्राथमिकताको आधारमा जनताको आकांक्षा र आवश्यकता पुरा गर्ने : सभामुख मण्डल




**दैनिक समाचारदाता**
**राजविराज, ५ असार ।**
मधेश प्रदेशसभाका सभामुख रामचन्द्र मण्डलले जनताको कुरा बुझ्न र आफ्नो स्तरबाट गर्न सकिने प्रयास का निम्ति 'जनता र जनप्रतिनिधिबीच संवादका लागि सभामुख जनतासंग' कार्यक्रम लिएर निस्केको बताएका छन् ।

बिहीबार मधेश प्रदेशसभा सचिवालयले राजबिराजमा आयोजना गरेको 'जनता र जनप्रतिनिधिबीच संवादका लागि सभामुख जनतासंग' कार्यक्रमलाई प्रमुख अतिथिको रुपमा सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् ।

सभामुख मण्डलले जनताको आकांक्षा र आवश्यकता धेरै भएपनि साधनस्रोतको अभावमा समस्या भएको भन्दै विधि प्रक्रिया तथा प्राथमिकताको आधारमा जनताको आकांक्षा र आवश्यकता पुरा गर्न सकिने बताए ।

प्रहरी ऐन र निजामती कर्मचारी ऐन नहुँदा समस्या भएको भन्दै उनले संघीय सरकारले बनाउनुपर्ने ऐनहरु निर्माण भए मात्र संघीय पूर्ण रुपमा कार्यान्वय हुने धारणा राखे । जनता र जनप्रतिनिधिबीच राम्रो सम्वन्ध रहे सामाजिक सद्भाव कायम हुनुका साथै संघीयता पनि बलियो हुने उनले विश्वास व्यक्त गरे ।

जनताको आवश्यकता, सामाजिक सद्भाव र विधीको शाषणका लागि कानुन निर्माण हुने तर्क प्रस्तुत गर्दै उनले प्रदेशसभाबाट बनाउनुपर्ने कानुन र जनताको गुनासो सरोकारबाला समक्ष राखेर कार्यान्बयन गराउन सबै मिलेर काम गर्नु पर्नेमा जोड दिए ।

जनमत पार्टीका संसदीय दलका नेता महेश प्रसाद यादवको अध्यक्षतामा आयोजित कार्यक्रममा डाक्नेश्वरी नगरपालिकाका नगरप्रमुख रामलखन मलाह, रुपनी गाउँपालिका अध्यक्ष दिनेशकुमार यादव, नेकपा एसका अध्यक्ष प्रतापनारायण चौधरी लगायतले पनि आ-आफ्नो धारणा राखेका थिए ।

## करेन्ट लागेर एकको मृत्यु

**दैनिक समाचारदाता**
**धनुषा, ५ असार ।**
धनुषामा बाली जोगाउन खेतमा जडान गरिएको विद्युतीय तारमा करेन्ट लागेर एक जनाको मृत्यु भएको छ । मिथिला नगरपालिका-१ ढल्केबरका ५० वर्षीया मङ्गलीदेवी महतोको करेन्ट लागेर मृत्यु भएको इलाका प्रहरी कार्यालय ढल्केबरले जनाएको छ ।

कार्यालयका प्रहरी निरीक्षक जटाशङ्कर यादवका अनुसार मङ्गलीदेवीले तरकारीबारीमा काम गर्ने क्रममा खेतमा जडान गरिएको तारमा छोएपछि निजको घटनास्थलमा मृत्यु भएको हो ।

"केही किसानले जङ्गली जनावरबाट तरकारी तथा अन्य बाली बचाउन विद्युतीय तार तानेर करेन्ट प्रवाह गरी बाली सुरक्षा गर्दै आएका छन् । मङ्गलीदेवीले पनि सोही तार

*बाँकी अन्तिम पृष्ठमा*

**बाढी र पहिरोबाट जोगिऔं**

**बाढी र पहिरोबाट हुने जोखिमबाट सतर्क बनौः**

- सञ्चार माध्यमबाट मौसमको जानकारी प्राप्त गर्ने गरौं,
- बाढी वा पहिरोको उच्च जोखिम भएको क्षेत्रमा होसियारी अपनाऔं,
- आपतकालीन झोला (औषधि, टर्चलाइट, खानेकुरा र लुगाफाटा) तयार राखौं,
- बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिहरूलाई विशेष ध्यान दिऔं,
- बाढी पहिरो आएमा सुरक्षित स्थानतर्फ जाऔं,
- विजुलीका लाइन वा पोलबाट टाढा बसौं,
- बाढीको समयमा खोलानाला पार गर्दा सतर्कता अपनाऔं,
- अफवाह नफैलाऔं, सत्य सूचना मात्र आदान-प्रदान गरौं,
- घाइते वा जोखिममा परेका व्यक्तिको उद्धारमा सहयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### नगरपालिकाको विवाद समाधानका लागि गम्भिर बन

राजविराज नगरपालिकामा देखिएको विवाद समाधानका लागि अझै कुनै ठोस निकास ननिस्कनुमा सरोकारवाला निकाय गम्भिर भएको देखिदैन् । गत जेठ २७ गते भएको विवादले बढाएको असन्तुटिले अहिले नगरपालिकाको सम्पूर्ण कामकाज ठप्प बनेको छ । उक्त दिन भएको घटना कसैसामु लुकेको छैन् । सोही घटनाको विषयलाई लिएर असन्तुष्ट बनेका कर्मचारीहरु विगत एकसाता देखी धर्नामा बसेका छन् । कर्मचारीहरु कुटपिट, गालीगलौज गर्नेमाथी कारवाही तथा काम गर्ने भयमुक्त वातावरणको माग गर्दै धर्ना बस्दै आएका छन् । कमर्चारीहरूले दोषीलाई कानून बमोजिम कारवाही गरी आगामी दिनमा कार्यस्थलको सुरक्षाको प्रत्याभूति दिलाउन, सेवामा काम गर्ने सहज वातावरण बनाउन एवं भयमुक्त वातावरणमा सेवा प्रवाह सुनिश्चितता नभएसम्म आन्दोलनलाई जारि राख्ने अडान लिएका छन् ।

विगतमा पनि नगरपालिकाभित्र जनप्रतिनिधि तथा कर्मचारीबीच व्यापक असन्तुष्टि रहँदै आएको थियो । तर गत जेठ २७ गते भएको घटनाले सबै कुरा छताछुल्ल पारिदिएको छ । यसरी आर्थिक वर्षको पूर्वसन्ध्यामा भएको आन्दोलनका कारण नगरपालिकाको कामकाज प्रभावितदेखी लिएर सेवाग्राही मारमा परेका छन् । यतिमात्र नभएर विभिन्न विकासीय योजनाहरु अलपत्र परेका छन् । भएका कामहरुको भुक्तानी पाउने आशमा उपभोक्ता तथा ठेकेदारहरु समेत अन्यौलमा परेका छन् । विवादकै कारण हुन नसकेका कामहरुको बजेट फ्रिज हुने अवस्थामा पुगेको छ ।

तसर्थ नगरपालिकामा देखिएका विवाद समाधानका लागि जिल्लाका राजनैतिक दल, सरोकारवाला निकाय, स्थानीय प्रशासनदेखी बुद्धिजिवि तथा अन्य निकायले अग्रसरता देखाउनु आवश्यक छ । होइन् भने भविष्यमा यसको असर लामो समयसम्म देखिने कुरामा दुईमत नहोला ।

# फास्ट ट्र्याकबाट कमला नदीमा नयाँ पुल निर्माण गर्छौं : मन्त्री दाहाल

काठमाडौँ, ५ असार (रासस) ।

भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले धनुषा र सिरहा जोड्ने कमला नदीको नयाँ पुल निर्माण गर्ने प्रक्रिया अघि बढाउने बताउनुभएको छ ।

राष्ट्रियसभाको बिहीबारको बैठकमा मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्नको जवाफ दिँदै उहाँले कमला नदीमा नयाँ पुल निर्माणका लागि ठेक्का प्रक्रिया सुरु गर्ने बताउनुभयो । मधेसको "लाइफलाइन" मानिने हुलाकी सडकअन्तर्गत कमला पुल निर्माणको जिम्मेवारी पाएको कम्पनी लुम्बिनी बिल्डर्ससँगको ठेक्का प्रक्रिया तोडेर नयाँ ठेक्का प्रक्रिया सुरु गर्ने तयारी भएको उहाँले उल्लेख गर्नुभयो ।

"समयमै निर्माण सम्पन्न भएन, अब नयाँ निर्माण कम्पनीलाई जिम्मा दिन्छौं", उहाँले भन्नुभयो, "अब नयाँ मूल्याङ्कन गरेर जसरी पनि पुल निर्माण हुन्छ, फास्ट ट्र्याकबाट अघि बढ्छौं ।"

निर्माण कम्पनी र बिमा कम्पनीबीचको अदालती प्रक्रिया लम्बिएपछि काम ठप्प भएको अवस्था छ । "यो पुल बनाउन अब तीन गुणा बढी रकम लाग्न सक्छ । पुल निर्माणका लागि हामीले अन्तिम पटक अनुरोध गर्यौं", उहाँले भन्नुभयो, "निर्माण नगरेको अवस्थामा कम्पनीसँग ठेक्का तोड्दै कारबाही गर्दै कालोसूचीमा राख्ने प्रक्रिया सुरु भएको छ ।"

साथै महाकाली नदीमा तीन वर्षभित्र पुल निर्माण गर्ने गरी २०७४ सालमा सम्झौता भए पनि हालसम्म काम हुन नसकेको छैन । उक्त पुल निर्माणको जिम्मा पाएको निर्माण कम्पनीसँग सम्झौता तोड्ने निर्णय भएको समेत उहाँले उल्लेख गर्नुभयो ।

# "सरकारले नीतिगत, कानुनी र संरचनागत सुधार गरिरहेको छ"

काठमाडौँ, ५ असार (रासस) ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले जनसेवालाई छिटो छरितो बनाउन सरकार नीतिगत, कानुनी र संरचनागत सुधार गरिरहेको बताउनुभएको छ ।

नेपाल प्रज्ञा-प्रतिष्ठानको ६८औं जन्मोत्सवको अवसरमा लोकतान्त्रिक कलाकार तथा कर्मचारी सङ्घले बिहीबार यहाँ आयोजना गरेको कवि गोष्ठी तथा स्वास्थ्य शिविर कार्यक्रममा उहाँले जतिसक्दो छिटो संस्कृति र पर्यटन नीति ल्याउने तयारी भइरहेको जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "संस्कृति र पर्यटन नीति अहिले मन्त्रीपरिषदमा छ, त्यो अबको मन्त्रिपरिषद् बैठकले पास गर्नेछ । संस्कृति, पर्यटन, नागरिक उड्डयन, भौतिक सम्पदा र प्राचिन स्मारक संरक्षणसम्बन्धी ऐन पनि निर्माण भइरहेको छ ।"

मन्त्री पाण्डेले सार्जजनिक निकायलाई सुधार गर्ने विषयमा सरकारले गम्भीरता पूर्वक काम गरिरहेको उतलस्ल्लेख गर्नुभयो । उहाँले निजी क्षेत्रसँग साक्षात्कार गरिरहेको बताउनुभयो ।

सरकारले उत्पादकत्व वृद्धि गर्नेतर्फ काम गरिरहेको उहाँको भनाइ छ । मन्त्री पाण्डेले भन्नुभयो, "निजी क्षेत्रले भन्नुभएको छ, एउटा पाँच तारे होटल चलाउन विदेशमा ४० जना भए पुग्छ, यहाँ ४०० जनाले पनि चलाउन गाह्रो भइरहेको छ, किनभने हाम्रो उत्पादकत्व कम छ, हामीले काम नै कम गर्दा रहेछौं, त्यसकारण एउटा सार्वजनिक संस्थानमा कति कर्मचारी आवश्यक हो भन्ने कुराको निक्यौल गर्नुपर्छ ।"

उहाँले नेपाल धार्मिक, प्राकृतिक, भौगोलिक बनावट, उर्वर जमिन र जल सम्पदाको हिसावले सम्पन्न भएको उल्लेख गर्दै त्यसको व्यवस्थापन र उपयोग गर्ने विषयमा सरकारले काम गरिरहेको बताउनुभयो । नेपाल प्रज्ञा-प्रतिष्ठानका कुलपति भूपाल राईले नेपाली भाषा र संस्कृतिको संरक्षणमा लाग्न सबैलाई आग्रह गर्नुभयो । कार्यक्रममा कवि बाबु त्रिपाठी, प्रगति राई, तुलसीहरि कोइराला, रञ्जिता गिरी र कल्पना भण्डारीलगायतले कविता वाचन गर्नुभएको थियो ।

# इजरायल र इरानबीचको युद्धमा नेपालीको सुरक्षा र उद्धारप्रति सरकारको ध्यानार्कषण

काठमाडौँ, ५ असार (रासस) ।

इजरायल र इरानबीच युद्ध चर्किएसँगै त्यहाँ रहेका नेपालीहरूको स्थिति, सुरक्षा र उद्धारका लागि कूटनीतिक पहल बढाउन सांसदहरूले सरकारको ध्यानार्कषण गराउनुभएको छ ।

राष्ट्रियसभाको बिहीबारको बैठकमा विशेष समयमा बोल्दै सांसदहरूले नेपाल फर्किन चाहने र उद्धारको माग गर्ने नेपालीहरूसँग तत्काल सम्पर्क गरी सोहीअनुसार यी दुई देशसँग समन्वय एवं कूटनीतिक पहलकदमी बढाउन सभाअध्यक्षमार्फत परराष्ट्र मन्त्रालयको ध्यानार्कषण गराउनुभयो ।

विश्व शान्तिको कामना गर्दै राष्ट्रियसभा सदस्यहरूले यसबाट नेपाललाई पर्ने सम्भावित खतराबारे सरकारलाई सतर्कता अपनाउनसमेत आग्रह गर्नुभयो । विशेष समयमा नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का सांसद जयन्तीदेवी राईले इजरायल र इरान युद्धको मारमा नेपालीको स्थिति र सुरक्षाबारे सरकारलाई सदनसमक्ष जानकारी गराउन माग गर्नुभयो ।

विशेष समयमा दलीय आधारमा उपलब्ध समयमा नेकपा(माओवादी केन्द्र)का सांसद सुरेशकुमार आलेमगर, नेपाली कांग्रेसका सांसद पदमबहादुर परियार र नेकपा( एमाले)का सांसद भगवती न्यौपानेले इजरायल र इरानयुद्धले नेपालमा पर्ने प्रभावबारे सरकारको ध्यानार्कषण गराउनुभयो ।

"इजरायलमा झण्डै सात हजार र इरानमा एक दर्जन नेपाली छन् । सरकारले उहाँहरूको सुरक्षाका लागि केही कदम पनि चालेको छ, कूटनीतिक पहलबाट स्वदेश फर्किन चाहनेलाई तत्काल फिर्ता गरियोस", सांसद न्यौपानेले भन्नुभयो ।

विशेष समयमा बोल्दै नेपाली कांग्रेसका सांसद जितजङग बस्नेतले राजावादी र राजाका समर्थकले विद्यमान राजनीतिक व्यवस्थाप्रति गलत भाष्य निर्माण गरिरहेकोमा असन्तुष्टि व्यक्त गर्नुभयो । "यो देश हामीले बनाउने हो । गणतन्त्र हामीले ल्याएका हौं । हामीले राजा हटाएका हौं, अब राजा आउन सक्दैन", सांसद बस्नेतले भन्नुभयो ।

नेकपा(माओवादी केन्द्र)का सांसद भुवनबहादुर सुनारले राज्य सञ्चालनको नेतृत्वमा रहेका नेताहरू इमान्दार र नैतिकवान बन्न नसकेको राय व्यक्त गर्नुभयो । मधेसका जनता सामाजिक न्यायको पहुँचबाट टाढा रहेकाले राज्यले अभिभावकत्व ग्रहण गर्न चुकिरहेको उहाँको भनाइ थियो ।

"मधेशको अवस्था विकराल छ । सरकारको ध्यानार्कषण गराएँ, तर सरकार मौन छ । मधेशको समस्या ज्यूँका त्यूँ छ", सांसद सुनारले भन्नुभयो । जनता समाजवादी पार्टी नेपालका सांसद पूजा चौधरीले कर्मचारी व्यवस्थापनमा दीर्घकालीन सुधार ल्याउन र

बाँकी तीन पृष्ठमा

***कावा नगरप्रमुखले ...***

भ्रष्टाचार भएको, नगरपालिकामा जेसिबि र इन्धन व्यक्तिगत काममा प्रयोग गरिएको, नगरपालिकालाई आसेपासे र कार्यकर्ता भर्तीकेन्द्र बनाएको, सार्वजनिक पोखरी ठेक्कामा बिधि प्रक्रिया मिचिएको, सूचना लुकाउने काम भएको तथा विभिन्न योजनाको बेचबिखन र कमिशनको खेल भएको ज्ञापनपत्र मार्फत दाबी गरिएको छ ।

ज्ञापनपत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी दाहालले सो बारे आवश्यक अनुसन्धान गर्ने प्रतिबद्धता जनाएको टोलीमा सहभागि नेपाली कांग्रेस नगर समितिका अध्यक्ष सुरेन्द्र प्रसाद गुप्ताले जानकारी दिए । आर्थिक अनियमितता गरेको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नगरप्रमुख जितेन्द्र प्रसाद गुप्ता विरुद्ध आरोप पत्र दायर गरेपछी विशेष अदालतले जरिवाना र कैद सजाय हुने ठहर गरेको थियो । जसकारण झण्डै तीन वर्षदेखी चौधरी कार्यवाहक नगरप्रमुखको जिम्मेवारी सम्हाल्दै आएकी छिन् ।

# 'सरकारले विपत् व्यवस्थापनका लागि बजेट अभाव हुन दिँदैन'

काठमाडौँ, ५ असार (रासस) ।

उपप्रधान एवं अर्थमन्त्री विष्णु पौडेलले सरकारले मुलुकका विभिन्न क्षेत्रको विपत् व्यवस्थापनका लागि बजेट अभाव हुन नदिने बताउनुभएको छ ।

ललितपुर जिल्लाबाट निर्वाचित जनप्रतिनिधिको संयुक्त टोलीसँग बुधबार भएको छलफलमा उपप्रधानमन्त्री पौडेलले बाढी पहिरोले उत्पन्न विपत्को यथाशीघ्र व्यवस्थापन गर्ने बताउनुभयो ।

विपत् प्राधिकरणसँग आवश्यक समन्वय गरी सम्बन्धित मन्त्रालयमार्फत बजेट विनियोजन गराउने प्रतिबद्धता व्यक्त गर्दै उहाँले टोलीले राखेका सम्पूर्ण विषयमा आफू सकारात्मक रहेको र सोको सम्बोधनका लागि आवश्यक व्यवस्था मिलाउने प्रतिबद्धता जनाउनुभयो ।

नेपाली कांग्रेसका नेता एवं प्रतिनिधिसभा सदस्य उदयशम्शेर राणा नेतृत्वको उक्त टोलीले गत असोज ११ र १२ को बाढीका कारण क्षतिग्रस्त बस्ती तथा संरचनालाई तत्काल पुनर्निर्माणका लागि बजेट व्यवस्थापनको माग गरेको हो ।

टोलीले लेले-भारदेउ-चन्दनपुर-ठूलादुर्लुङ मोटर बाटोमा विनियोजित रू २५ करोड बजेटलाई बहुवर्षीय योजनाका रुपमा सम्बोधन गरिदिन आग्रह गरेको थियो । सातदोबाटो-चापागाउँ र सातदोबाटो-गोदावरी बाटोको मुआब्जा तत्काल उपलब्ध गराउन उक्त टोलीले माग गरेको छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# सरकारले विश्व बैंकबाट ५० अर्ब ५१ करोड ऋृण लिने

काठमाडौं, ५ असार (रासस)।

सरकारले विभिन्न आयोजनाका लागि विश्व बैंकबाट प्राप्त हुने रु ५० अर्ब ५१ करोड सहुलियतपूर्ण ऋण स्वीकार गर्ने निर्णय गरेको छ। रणनीतिक सडक सञ्जाल तथा व्यापारिक मार्ग सुधार आयोजना र पुल सुधार तथा कार्यक्रमका लागि उक्त रकम स्वीकार गरिएको हो।

सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङका अनुसार विश्व बैंक समूहको अन्तरराष्ट्रिय विकास संस्थाबाट रणनीतिक सडक सञ्जाल तथा व्यापारिक मार्ग सुधार आयोजनाका लागि करिब रु २९ अर्ब ७२ करोड उपलब्ध हुनेछ।

त्यसैगरी विश्व बैंकबाटै पुल सुधार तथा कार्यक्रम तोस्रो चरणका लागि प्राप्त हुने करिब रु २० अर्ब ७९ करोड नेपाली रूपियाँ बराबरको सहुलियतपूर्ण ऋण स्वीकार्ने निर्णय गरिएको मन्त्री गुरुङले जानकारी दिनुभयो। साथै, उहाँका अनुसार दक्षिण कोरिया सरकारबाट बर्दिया जिल्लामा सञ्चालन हुने समावेशी ग्रामीण विकास परियोजनाका लागि प्राप्त हुने करिब रु एक अर्ब आठ करोड ८० लाख नेपाली अनुदान सहायता स्वीकार गर्ने निर्णय गरेको छ।

यही असार २ गतेको मन्त्रिपरिषद्को बैठकको निर्णय बुधबार सार्वजनिक गर्दै उहाँले यही असार १६ गतेदेखि २१ गतेसम्म प्रधानमन्त्री केपी शर्मा ओलीको नेतृत्वमा स्पेनको औपचारिक भ्रमणमा सहभागी हुने नेपाली प्रतिनिधिमण्डल गठन गर्ने र माछा पालन सहुलियतका विषयमा विश्व व्यापार सङ्गठन हुने सम्झौता सङ्घीय संसदसमक्ष पेश गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरिएको जानकारी दिनुभयो।

प्रवक्ता गुरुङका अनुसार वैदेशिक रोजगार न्यायाधीकरणको अध्यक्ष पदमा उच्च अदालत पाटन, हेटौँडा इजलासका न्यायाधीश डा शान्ता सेढाइँ सापकोटालाई तोक्ने, सत्य निरूपण तथा मेलमिलाप आयोगका सचिव पाराश्वर ढुङ्गानालाई कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको सचिव पदमा सरूवा गर्ने र सशस्त्र प्रहरी नायव महानिरीक्षक गणेशबहादुर ठाडा मगरलाई सशस्त्र प्रहरी बल, नेपालको सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा नियुक्त गरी पदस्थापन गर्ने निर्णय भएको छ।

त्यसैगरी सरकारको नाममा दर्ता रहेको १० रोपनी जग्गा १५ शय्याको अस्पताल निर्माण गर्न आँबुखैरेनी गाउँपालिका, तनहुँलाई प्रयोग गर्न दिन स्वीकृति दिने एवं जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, चितवनलाई दुई बिघा, १३ कट्ठा १५ धुर सार्वजनिक प्रकृतिको जग्गा एक सय शय्याको आयुर्वेद अस्पताल निर्माणका लागि प्रयोग गर्न स्वीकृति दिने मन्त्रिपरिषद्को बैठकले निर्णय गरेको छ।

त्यसैगरी, २०८२ असार ९ र १० गते भारतको पुणेमा आयोजना हुने नेपाल-भारत द्विपक्षीय परामर्श समूहको सोह्रौं बैठकमा नेपालका तर्फबाट सहभागी हुने नेपाली प्रतिनिधिमण्डल गठन गर्ने निर्णय गरेको मन्त्री गुरुङले जानकारी दिनुभयो। उहाँका अनुसार मन्त्रिपरिषद्ले मिलेनियम च्यालेन्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए) लाई ४०० केभी डवलसर्किट विद्युत् प्रसारणलाइन आयोजना निर्माणको लागि नवलपरासी (बर्दघाट सुस्ता-पश्चिम) जिल्लाको सुनवल नगरपालिका, रामग्राम नगरपालिका र बर्दघाट नगरपालिकामा रहेको राष्ट्रिय वनको ४३ दशमलव ६६ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिइएको छ।

त्यसैगरी यही असार २३ गतेदेखि २७ गतेसम्म स्वीट्जरल्याण्डको जेनेभामा सञ्चालन हुने वल्ड समिट अन द इन्फर्मेसन सोसाइटि (डब्लुएसआइएस) प्लस ट्वान्टी फोरम हाई लेभल इभेन्ट तथा एआई फर गुड ग्लोबल समिट २०२५ कार्यक्रममा सहभागी हुन सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङलाई स्वीकृति दिइएको छ।

यही असार ९ गतेदेखि १३ गतेसम्म थाइल्याण्डको बैंककमा आयोजना हुने अर्ड मिनिस्टेरियल कन्फ्रेन्स अन सिभिल रजिस्ट्रेशन एन्ड भाइटल स्टाटिस्टिक्स् (श्री एमसिसिआरभिएस) इन एसिया एन्ड 'द' पेसिफिक कार्यक्रममा स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेललाई सहभागी हुन स्वीकृति प्रदान गरिएको छ।

त्यसैगरी मन्त्रिपरिषद्ले इन्टरनेशनल बिग क्याट अलाइन्स (आइबिसिए) को सदस्यता प्राप्त गर्न स्वीकृति दिएको छ। नेपाल प्रशासन सेवा समूहीकरणतर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको रिक्त पदमा राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव डा खगेन्द्रप्रसाद सुबेदीलाई बढुवा गर्ने र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सहसचिव निर्मला अधिकारी भट्टराईलाई सत्य निरूपण तथा मेलमिलाप आयोगको सचिव पदमा कायममुकायम मुकरर गर्ने सरकारको निर्णय रहेको छ।

# नयाँदिल्ली हुँदै खाडीमूलुक जान लागेका पाँच जना नियन्त्रणमा

पर्सा, ५ असार (रासस)।

सशस्त्र प्रहरी बल नेपाल पर्साले अवैधरूपमा भारतीय नाका हुँदै खाडीमूलुक जान लागेका चार महिलासहित एक पुरुषलाई ठोरीबाट नियन्त्रणमा लिएको छ।

सशस्त्र प्रहरी बल नेपाल बिओपी ठोरीबाट खटिएका सशस्त्र प्रहरीले शङ्का लागेर जाँच गर्ने क्रममा अवैध बाटो हुँदै खाडीमूलुक कुबेत र ओमन जान लागेका उनीहरुलाई पक्राउ गरेको हो।


"पक्राउ परेकामध्ये इलामका दुई महिला ओमन जाने बताएका छन् भने रोल्पाका दुई महिला नयाँ दिल्लीमार्फत खाडीमूलुक जान लागेको बताएका छन्", सशस्त्र प्रहरी बल नेपाल बिओपी ठोरीका सशस्त्र प्रहरी निरीक्षक प्रेम राउतले भन्नुभयो, "उनीहरुलाई भारत लैजान लागेको आशङ्कामा चितवन माडी नगरपालिका-८ का दीपक खड्कालाई पनि नियन्त्रणमा लिएर आवश्यक अनुसन्धान गरिरहेका छौं।"

सशस्त्र प्रहरीले इलामका दुईजना महिलाको साथबाट भिसा नभएको दुई वटा राहदानीसमेत फेला पारेको छ। सशस्त्र प्रहरीले आवश्यक सोधपुछ गरेसँगै पक्राउ परेका पाँचै जनालाई आवश्यक कागजात तयार पारेर बुधबारै इलाका प्रहरी कार्यालय ठोरीलाई हस्तान्तरण गर्ने जनाएको छ।

### इजरायल र ...

स्थानीय तहको सेवा प्रवाह अवरुद्ध नहुने नीति निर्माणका लागि सङ्घीय सरकारको ध्यानाकर्षण गराउनुभयो।

त्यसैगरी नेकपा (माओवादी केन्द्र)का सांसद विष्णुबहादुर विश्वकर्माले कर्णालीलाई विकास पूर्वाधार निर्माण, विद्युत्, सडक, शिक्षा, स्वास्थ्य, खानेपानी र खाद्यान्नलगायत विषयमा जोडिदै जानु विद्यमान राजनीतिक व्यवस्थाको उपलब्धि भएको जिकिर गर्नुभयो।



नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय सप्तरी,राजविराज

मिति :-२०८२/०२/२५

विषय:- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना।

यसमा २००४ सालको जमाबन्दी श्रेष्ता बमोजिम रैती नं. २१८ लक्ष्मी सुनरैतको नाममा कायम रहेका साविक प्रगन्ना पकरी मौजे जोगिनिया सा.कि.नं. ४९५० को ज.वि. ०-५-८ मध्ये ०-१-२.५ हाल तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता नामसारी समेत गरी पाउँ भनी जिल्ला सप्तरी गा.वि.स १ नं. जोगिनिया वडा नं. ५ हाल हनुमाननगर कंकालिनी न.पा. वडा नं. ८ बस्ने रामरुप सुनरैतको नाति मकुम सुनरैतको छोरा बेचु सुनरैतको यस कार्यालयमा द.नं. २१५९३ मिति २०८१/१२/०५ गतेमा माग निवेदन परी हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८२/०२/२५ मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ। तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, ऐलानी, प्रति, गोचर, समसानघाट, पैनी, पौवा, पोखरीको डिल, पोखरी, पानीघाट, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/ नभएको सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला। म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही भै जानेछ। यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

तपसिल

| साबिक कि.नं. | साबिक दर्तावाला | गा.वि.स. | वार्ड नं. | हालको कि.नं. | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ४९५० | लक्ष्मी सुनरैत | १ नं. जोगिनिया | ५क | ७९ | ०-१-१९ | बेचु सुनरैत | यो जग्गा फिल्डबुकको ज.ध. महल खाली, किसान को महल खाली, किसानको व्यहोरा महल खाली, कैफियत महलमा वार्ड नं. ५ बस्ने मुकुम सुनरैतको नम्बरी हो रहेको। |

प्रमुख मालपोत अधिकृत
लक्ष्मी प्रसाद खरेल

## विश्व समाचार

# म्यान्माकी आङ सान सुकीको ८०औं जन्मदिन जेलमा

याङगुन, ५ असार (रासस/एएफपी)।

म्यान्माकी पदच्युत लोकतान्त्रिक नेत्री आङ सान सुकीले बिहीबार आफ्नो ८०औं जन्मदिन सैन्य सरकारको हिरासतमा मनाउनुभएको छ। हिरासतमा उहाँले आफ्नो बाँकी जीवनभर चल्ने सजायहरू भोगिरहनुभएको छ।

सुकी म्यान्माको एक दशकको लोकतान्त्रिक सुधारकालको प्रतिनिधि व्यक्तित्व हुनुहुन्थ्यो र सैन्य शासनबाट खुल्दै गर्दा उहाँ वास्तविक नेत्री बन्नुभएको थियो।

तर सन् २०२१ को विद्रोहमा जनरलहरूले सत्ता फिर्ता लिएपछि उहाँ भ्रष्टाचारदेखि लिएर कोभिड-१९ महामारीको प्रतिबन्ध उल्लङ्घन गर्ने अभियोगमा बन्दी बनाइनुभयो र २७ वर्षको सजाय भोगिरहनुभएको छ।

"यो क्षणमा उत्सव मनाउन गाह्रो हुनेछ", बेलायतका उहाँका ४७ वर्षीय छोरा किम एरिसले भन्नुभयो, "यो यति लामो समयदेखि चलिरहेकाले हामीले सहन सिकेका छौं।"

उहाँले आफ्नी आमाको जन्मदिनसम्मका आठ दिनमा ८० किलोमिटर (५० माइल) दौडिरहनुभएको छ र आफ्नी आमाका लागि ८० हजारभन्दा बढी शुभकामना भिडियो सन्देशहरू सङ्कलन गर्नुभएको छ।

तर सुकीले ती देख्न पाउनु हुनेछैन। उहाँ म्यान्माको फैलिएको राजधानी नेपिडोमा एकान्तमा हुनुहुन्छ जहाँबाट सेनाले गुरिल्ला लडाकूहरूविरुद्ध गृहयुद्धको निर्देशन गर्छ।

एरिसले आफ्नी आमा जेल परेदेखि दुई वर्षअघि पत्रमार्फत एक पटक मात्र आफ्नी आमाबाट सुनेको बताउनुभयो।

"उहाँको अवस्था कस्तो छ हामीलाई थाहा छैन", उहाँले भन्नुभयो। उहाँले आफ्नी आमाले मुटु, हड्डी र दाँतको समस्याको उपचार नपाएर पीडा भोगिरहेको हुनसक्ने डर व्यक्त गर्नुभयो।

# स्पेसएक्स स्टारसिप 'नियमित' परीक्षणका क्रममा विस्फोट

ह्युस्टन (अमेरिका), ५ असार (रासस/एएफपी)।

टेक अर्बपति एलन मस्कको स्पेसएक्स स्टारसिप टेक्सासमा बुधबार राति नियमित परीक्षणका क्रममा विस्फोट भएको र कसैलाई चोट नलागेको कानून प्रवर्तन निकायले बताएको छ।

स्टारसिप ३६ ले राति ११:०० बजे (०४०० जिएमटी बिहीबार) पछि स्टारबेस प्रक्षेपण सुविधामा 'विनाशकारी विफलता र विस्फोट' भोगेको क्यामरन काउन्टी अधिकारीहरूले फेसबुक पोस्टमा बताएका छन्।

मस्कको स्पेस एक्सले रकेटले दशौं उडान परीक्षणको तयारी गरिरहेको बेला 'स्टारबेसमा परीक्षण स्ट्यान्डमा हुँदा ठूलो समस्या अनुभव गरेको' बताएको छ।

"अपरेसनका क्रममा साइट वरपरको सुरक्षा खाली क्षेत्र कायम राखिएको थियो र सबै कर्मचारीहरू सुरक्षित छन् र हिसाब गरिएको छ", स्पेस एक्सले सामाजिक सञ्जालमा भन्यो, "वरपरका समुदायका बासिन्दाहरूलाई कुनै खतरा छैन र हामी व्यक्तिहरूलाई सुरक्षा कार्यहरू जारी रहँदा त्यस क्षेत्रमा पुग्ने प्रयास नगर्न आग्रह गर्दछौं।"

मेक्सिकोको सीमा नजिकैको दक्षिण टेक्सास तटमा रहेको स्टारबेस मस्कको अन्तरिक्ष परियोजनाको मुख्यालय हो।

चार सय तीन फिट (एक सय २३ मिटर) अग्लो स्टारसिप विश्वको सबैभन्दा ठूलो र सबैभन्दा शक्तिशाली रकेट हो र मङ्गल ग्रहमा उपनिवेश बनाउने मस्कको दीर्घकालीन दृष्टिकोणको केन्द्र हो। यो पछिल्लो असफलता मेको अन्त्यमा हिन्द महासागरमाथि स्टारसिप प्रोटोटाइपको विस्फोटपछि आएको हो।

अहिलेसम्म निर्माण गरिएको सबैभन्दा ठूलो र शक्तिशाली प्रक्षेपण यान मे २७ मा स्टारबेस सुविधाबाट उडेको थियो, तर पहिलो चरणको सुपर हेभी बुस्टरले मेक्सिकोको खाडीमा योजनाबद्ध स्प्ल्यासडाउन गर्नुको सट्टा विस्फोट भयो।

अघिल्ला दुई यात्रा पनि नराम्ररी समाप्त भएका थिए। माथिल्लो चरण क्यारेबियनमाथि टुक्रा-टुक्रा भएको थियो।

# उत्तर कोरियाद्वारा इरानमाथि इजरायली आक्रमणको निन्दा

प्योङयाङ, ५ असार (रासस/क्युएनए)।

उत्तर कोरियाले बिहीबार इरानमाथि इजरायलले हालै गरेको हवाई आक्रमणलाई आक्रमणको 'घृणित कार्य' भन्दै निन्दा गरेको छ। कोरियन सेन्ट्रल न्युज एजेन्सी (केसिएनए) का अनुसार उत्तर कोरियाको विदेश मन्त्रालयका प्रवक्ताले मध्यपूर्वमा नयाँ युद्धको खतरा खडा गरेकोमा इजरायलको निन्दा गर्दै इरानविरुद्ध इजरायलको सैन्य आक्रमणबारे 'गम्भीर' चिन्ता व्यक्त गरेका छन्।

उत्तर कोरियाले इरानमाथि इजरायलको आक्रमणलाई 'आक्रामकताको घृणित कार्य' भनेर निन्दा गर्दै यसले सार्वभौम राज्यको सार्वभौमिकता, क्षेत्रीय अखण्डता र 'मानवता विरुद्धको अक्षम्य अपराध' उल्लङ्घन गर्दछ भनेको छ।

"विश्वले देखेको हालको गम्भीर अवस्थाले स्पष्ट रूपमा प्रमाणित गर्दछ कि इजरायली एकाइ विश्वव्यापी शान्ति र सुरक्षालाई नष्ट गर्ने मुख्य अपराधी हो", अधिकारीलाई उद्धृत गर्दै केसिएनएले भन्यो।

# कोरोनाका बिरामी देखिँदै : सात दिनमा ३० जनामा संक्रमण

काठमाडौँ, ५ असार (रासस)।

मौसम परिवर्तनसँगै कोरोना भाइरसका लक्षण भएका बिरामी देखिन थालेका छन्। मौसम परिवर्तनसँगै मानिसमा रुघाखोकी, ज्वरो, फ्लु जस्ता सङ्क्रमण देखिन थालेको हो।

इपिडिमिलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका निर्देशन डा चन्द्रभाल झाले सिमा नाकामा कोरोना भाइरसको सङ्क्रमण देखिए पनि अहिले त्यो पनि घटेको गएको बताउनुभयो। उहाँका अनुसार नेपाल-भारत सीमाको सिमानापर्ने कञ्चनपुरमा केही भारतबाट आउनेमा सङ्क्रमण देखिएका छन्।

उहाँका अनुसार अहिलेसम्म (पुस १७ गते यता) १६० जनामा कोरोना भाइरसको सङ्क्रमण देखिएको छ। पछिल्लो सात दिनमा ३० जना र २४ घण्टामा पाँच जनामा सङ्क्रमण देखिएको उहाँले बताउनुभयो। सबैभन्दा बढी वागमती प्रदेशमा १२९, सुदूरपश्चिम प्रदेशमा १७, मधेश प्रदेशमा पाँच, कोशी तथा गण्डकी र लुम्बनी प्रदेशमा समान तीन/तीन जनामा सङ्क्रमण देखिएको छ।

**एन्टिजेन पठाइयो**

निर्देशक डा झाले कोरोना भाइरसको सङ्क्रमण देखिएका ठाउँमा एन्टिजेन पाइसकेको समेत जानकारी दिनुभयो। उहाँका अनुसार सीमा नाकामा परीक्षणका लागि अहिलेसम्म ६४० थान एन्टिजेन पाइसकेको छ। उहाँले सङ्क्रमणको जोखिमलाई ध्यान दिँदै थप एन्टिजेन खरिद गर्ने प्रक्रियासमेत अगाडि बढाइएको छ।

शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतलाका निर्देशक डा युवानिधि बसौलाले फाट्टफुट बिरामी उपचारका लागि अस्पतालमा आउने गरेको बताउनुहुन्छ। "मौसममा आएको परिवर्तनसँगै मानिसमा रुघाखोकी, ज्वरोका बिरामी आउने गरेका छन्", उहाँले भन्नुभयो। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले भारतमा सङ्क्रमण देखिएका कारणले नेपालमा पनि देखिएको बतउानुभयो।

"भारतमा देखिएपछि नेपालमा पनि फाट्टफुट बिरामी देखिएका हुन्", उहाँले भन्नुभयो, "मौसम परिवर्तनसँगै फ्लुका बिरामी देखिएका हुन्।" मन्त्रालयका प्रवक्ता डा बुढाथोकीले कोरोना भाइरसविरुद्धको खोप नलगाएका व्यक्ति, दिर्घरोगी र ज्येष्ठ नागरिक अझै पनि जोखिम रहेको बताउनुभयो।

# नागरिकता विधेयकसम्बन्धी समितिको प्रतिवेदन पेस

काठमाडौँ, ५ असार (रासस)।

राज्य व्यवस्था तथा सुशासन समितिका सभापति रामहरि खतिवडाले 'नेपाल नागरिकता (दोस्रो संशोधन) विधेयकसम्बन्धी समितिको प्रतिवेदन २०८२' प्रतिनिधिसभामा पेस गर्नुभएको छ।

प्रतिनिधिसभाको बिहीबारको बैठकमा प्रतिवेदन पेस गर्दै उहाँले सबै नागरिकलाई कसरी नागरिकता दिन सकिन्छ भनी समितिमा बृहत छलफल भएको बताउनुभयो। सरोकार भएका पक्षसँग छलफल गरी विधेयकलाई समितिका तर्फबाट अन्तिम रुप दिइएको सभापति खतिवडाले जानकारी दिनुभयो।

आमाको नामबाट नागरिकता दिने व्यवस्था समितिले गरेको बताउँदै उहाँले आमा र देशलाई माया नगर्नेले कसैलाई पनि माया नगर्ने भएकाले आमाको नामबाट नागरिकता दिँदा कसैलाई आपत्ति हुननहुने धारणा राख्नुभयो।

निजामती विधेयकसम्बन्धी समितिका तर्फबाट प्रतिनिभिसभामा प्रतिवेदन पेस गरिसकिएको उल्लेख गर्दै सभापति खतिवडाले बिहीबारको कार्यसूचीमा नपरे पनि शीघ्र पारित हुने विश्वास व्यक्त गर्नुभयो।

बैठकमा सभामुख देवराज घिमिरेले राष्ट्रपति कार्यालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त पत्र पढेर सुनाउनुभएको थियो। पत्र पढेर सुनाउँदै उहाँले कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारी खाद्य सुरक्षासम्बन्धी कार्यक्रममा भाग लिन थाइल्याण्ड जानुभएकाले मन्त्रालयको कार्यभार स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले सम्हाल्नेगरी तोकिएको जानकारी मुख्यसचिवमार्फत आएको उल्लेख गर्नुभएको थियो।

# मधेश प्रदेश सरकारद्वारा स्थानीय तहलाई दुई अर्ब बजेट

जनकपुरधाम, ५ असार (रासस)।

मधेश प्रदेश सरकारले अगामी आर्थिक वर्ष २०८२/८३ का लागि प्रस्तत‍ु बजेटमा स्थानीय तहका लागि रु दुई अर्ब विनियोजन गरेको छ।

प्रदेश सरकारले आगामी आव २०८२/८३ का लागि ल्याएको बजेटमार्फत प्रदेशभित्रका स्थानीय तहलाई लक्षित गर्दै शिक्षा, स्वास्थ्य, खानेपानी, सहिद परिवार, पूर्वाधार निर्माणलगायत शीर्षकमा करिब रु दुई अर्बको बजेट विनियोजन गरेको हो।

प्रदेशका अर्थमन्त्री सुनिलकुमार यादवले स्थानीय तहको क्षेत्राधिकारभित्र पर्नेगरी रु ३८ करोड १० लाख विशेष अनुदान शीर्षकमा छुट्याइएको जानकारी दिनुभयो। उहाँका अनुसार उक्त अनुदान स्थानीय तहले शिक्षाको गुणस्तर सुधार, आधारभूत स्वास्थ्य सेवा सुदृढीकरण, खानेपानीको पहुँच विस्तार तथा सहिद परिवार लक्षित कार्यक्रम सञ्चालनमा उपयोग गर्न सक्नेछन्।

त्यस्तै, विशेष अनुदानसम्बन्धी कार्यविधि, २०७८ मा तोकिएको मापदण्डअनुसार थप आयोजना कार्यान्वयन गर्न रु २८ करोड १० लाख बराबरको समपूरक अनुदान छुट्याइएको अर्थमन्त्री यादवले बताउनुभयो। यो अनुदान स्थानीय तहको आवश्यकता र प्रस्तावको आधारमा उपलब्ध गराइनेछ। स्थानीय तहलाई दिइने ससर्त अनुदानतर्फ पनि सरकारले रकम विनियोजन गरेको छ।

अर्थमन्त्री यादवका अनुसार आगामी आवका लागि रु एक अर्ब २२ करोड ५० लाख ससर्त अनुदानको रूपमा छुट्याइएको छ। यो रकम प्रदेश सरकारद्वारा तोकिएका प्राथमिकता र सर्तअनुसार खर्च गर्नुपर्ने छ। ससर्त अनुदानअन्तर्गत शिक्षा क्षेत्रमा विद्यालय भवन निर्माण, शौचालय, छात्रवृत्ति तथा पाठ्यपुस्तक वितरण, स्वास्थ्य चौकी र औषधि आपूर्ति तथा खानेपानी तथा सरसफाइका योजना कार्यान्वयन हुनेछन्।

बजेट प्रस्तुत गर्दै मन्त्री यादवले अघिल्ला वर्षमा जस्तै बजेट विनियोजन भए पनि समयमा निकासा नहुँदा लक्षित कार्यक्रममा उल्लेखनीय उपलब्धि हासिल गर्न नसकिने धारणा राख्नुभयो।

बजेट अनुदानको प्रतिबद्धता गरिए पनि यसको प्रभावकारिता भने कार्यान्वयनको पद्धति र अनुगमन प्रणालीमाथि निर्भर रहने सरोकार भएकाहरू बताउँछन्। गत वर्षका कतिपय आयोजना बजेट निकासा ढिलो हुँदा अलपत्र परेका छन्।

# आयोडिनयुक्त नूनको आपूर्ति निजीकरण नगर्न उपभोक्ता मञ्चको आग्रह

काठमाडौँ, ५ जेठ (रासस)।

सरकारले आयोडिनयुक्त नूनको आपूर्ति प्रणालीमा निजी क्षेत्रलाई प्रवेश गराउने तयारी गरिरहेको भन्दै राष्ट्रिय उपभोक्ता मञ्चले गम्भीर आपत्ति जनाएको छ।

वर्षौंदेखि सरकारी नियमनमा सहज, सुलभ, सस्तो र गुणस्तरीय रूपमा नून आपूर्ति हुँदै आएको व्यवस्था तोड्ने प्रयास भइरहेको भन्दै मञ्चले उक्त निर्णय उपभोक्ताविरोधी भएको टिप्पणी गरेको हो।

उद्योग, वाणिज्य तथा श्रम तथा उपभोक्ताहित समितिको बैठकमा राष्ट्रिय उपभोक्ता मञ्चका अध्यक्ष प्रेमलाल महर्जनले नेपाली जनताको स्वास्थ्यसँग प्रत्यक्ष सम्बन्ध राख्ने आयोडिनयुक्त नूनको आपूर्ति र वितरणलाई निजीकरणतर्फ लैजान खोजिएको भन्दै गम्भीर आपत्ति जनाउनुभयो।

'नेपालमा आयोडिन भएको गुणस्तरीय नूनको सहज, सुलभ आपूर्ति तथा वितरण' का सम्बन्धमा अध्यक्ष महर्जनले हालसम्म सरकारी नियमनमा सहज, सुलभ, सस्तो र गुणस्तरीय रूपमा नून आपूर्ति हुँदै आएको व्यवस्था अत्यन्त हितकारी भएको स्पष्ट पार्नुभयो।

उहाँले भन्नुभयो, "नुनजस्तो अत्यावश्यक वस्तुको आपूर्ति नियन्त्रित रूपमा हुँदै आएको छ। तर केही व्यापारी र बिचौलियाले खुला बजार र प्रतिस्पर्धाको नाममा निजी क्षेत्रलाई प्रवेश गराउने दबाब दिइरहेका छन्। यसले जनस्वास्थ्यमाथि प्रत्यक्ष असर पार्ने खतरा देखिएको छ।"

साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडमार्फत राज्यले गुणस्तरीय आयोडिनयुक्त नून जनतालाई सुलभ मूल्यमा उपलब्ध गराउँदै आएको जनाउँदै अध्यक्ष महर्जनले नूनको कारोबारमा निजीकरण गर्न नहुने धारणा राख्नुभयो।

"केही व्यापारी र बिचौलियाले मिलेमतो गरी भ्रामक प्रचारमार्फत निजीकरणतर्फ मोड्ने प्रयास गरिरहेका छन्, २७ वर्षसम्म परिवर्तन आवश्यक नरहेको व्यवस्था अहिले किन परिवर्तन गरियो?", उहाँले प्रश्न गर्नुभयो। यो कार्यको पछाडि व्यापारीकरण र कालोधनको खेल हुनसक्नेमा उहाँले आशङ्का व्यत्तल गर्नुभयो।

बैठकमा साल्ट ट्रेडिङ कर्पोरेसनकी प्रमुख कार्यकारी अधिकृत उर्मिला श्रेष्ठले सञ्चारमाध्यमबाट आयोडिनयुक्त नूनको आपूर्ति व्यवस्था निजी क्षेत्रलाई दिने तयारी भइरहेको खबरप्रति ध्यानाकर्षण भएको जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "भूकम्प, तराई बन्दलगायत सङ्कटका समयमा पनि कर्पोरेसनले सहज रूपमा नून आपूर्ति गरेको थियो। नेपाल सरकारको वर्तमान नीतिअनुरुप राज्यभरका आमउपभोक्ताको स्वास्थ्यमा प्रत्यक्ष असर पार्ने आयोडिनयुक्त नूनको आपूर्ति व्यवस्था र उपलब्धि जोगाइराख्न कर्पोरेसनमार्फत नूनको आपूर्तिलाई निरन्तरता दिनहुन सम्बन्धित मन्त्रालयमा आवश्यक निर्देशनका लागि अनुरोध गर्दछौं।"

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव डा रामप्रसाद घिमिरेले हाल नूनको आपूर्ति व्यवस्था कर्पोरेसनमार्फत भइरहेको भन्दै त्यो पर्याप्त र गुणस्तरीय रहेको धारणा राख्नुभयो। उहाँले भन्नुभयो, "यो व्यवस्थामा परिवर्तन गरेर निजी क्षेत्रलाई सम्बोधन गरियो भने मूल्यमा एकरुपता नहुने, सुलभ र सहज आपूर्ति नहुनेलगायत समस्या आउनसक्नेमा आशङ्का भएको देखिन्छ।"

बैठकमा उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारी अनुपस्थित रहेकाले समितिका सदस्यहरूले असन्तुष्टि व्यक्त गरेपछि बैठक स्थगित गरिएको थियो।

# इटाली र अजरबैजान पठाइदिने भन्दै ठगी गर्ने पक्राउ

काठमाडौँ, ५ असार (रासस)।

वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी इटाली र अजरबैजान पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा दुई जनालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेहरूमा काठमाडौँ महानगरपालिका-७ बस्ने दाङको घोराही उपमहानगरपालिका-१६ घर भएका १९ वर्षीय दर्शन खड्का र तारकेश्वर नगरपालिका-३ बस्ने गोरखाको धार्चे गाउँपालिका-५ घर भएका ३७ वर्षीय सरेश गुरूङ रहेका छन्।

पक्राउमध्ये दर्शनले इटाली पठाइदिन्छु भन्दै तीन जना पीडितबाट रु छ लाख र सरेशले अजरबैजान पठाइदिन्छु भन्दै दुई जना पीडितबाट रु चार लाख लिई सम्पर्कबिहीन भएको भन्ने पीडितहरूको उजुरीको आधारमा काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले दर्शनलाई काठमाडौँ-७ बाट बुधबार र सरेशलाई काठमाडौँ-२६ बाट मङ्गलबार पक्राउ गरेको हो।

उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौँ पठाइएको छ।

*करेन्ट लागेर...*

छोएपछि करेन्ट लागेको हो", उनले भने।

महिलाको शव पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल जनकपुरधाम पठाइएको जनाउँदै घटना सम्बनधमा थप अनुसन्धान भइरहेको धनुषा प्रहरी प्रवक्ता बरुण सिंहले बताए।

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं।

**अनुरोधकर्ता**

**राजगढ गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

सप्तरी, मधेश प्रदेश

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*